म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१६ अङ्कः- ६५ २०८१ माघ ९ गते बुधबार 22 January 2025, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




## बागमती प्रदेश सभामा ३ विधेयक दर्ता

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभामा ३ वटा नयाँ विधेयकहरु दर्ता भएका छन् । प्रदेशसभा सचिवालयका अनुसार मंगलबार ३ वटा संशोधन विधेयक दर्ता भएको हो ।

प्रदेशसभा सचिवालयका प्रवक्ता मनोज कुमार गुप्ताका अनुसार प्रदेशसभाको आगामी अधिवेशनमा पेश हुनेगरी प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भएको हो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक यसअघि नै प्रदेशसभामा दर्ताका लागि पेश भएको थियो । तर, सभामुख भुवन कुमार पाठकले उक्त विधेयक दर्ता गर्नुभएको थिएन । उक्त विधेयकका प्रावधान सच्याउन सभामुख पाठकले फिर्ता गर्नुभएको हो । गत असोज १६ मा मन्त्रिपरिषद्बाट निर्णय गर्दै दर्ताका लागि सचिवालयमा पेश भएको उक्त ४ महिनापछि दर्ता भएको हो ।

संशोधन प्रस्तावका केही प्रावधान अपुग भएको भन्दै प्रदेशसभाका सभामुख पाठकले उक्त विधेयकका विषयमा पुनःविचार गर्न दर्ता गर्नुभएको थिएन । मन्त्रालय खडा गरिएको ४ वर्षपछि ऐन संशोधनको तयारी भए पनि आवश्यक व्यवस्थाहरु विधेयकमा समावेश हुनुपर्ने राजनीतिक नियुक्तिका विषयहरु स्पष्ट नगरी पठाएकाले दर्ता गरिएको थिएन ।

प्रतिष्ठानको पदाधिकारी नियुक्तिमा समस्या देखिएपछि प्रदेश सरकारले तत्कालको समस्या हल गर्न ऐन संशोधनको प्रस्ताव दर्ता गर्ने मन्त्रिपरिषद्बाट निर्णय भएको थियो । विशेषगरी ऐनमा भएको पदाधिकारी नियुक्तिका विषयमा केही अस्पष्टता रहेकाले सुधार गर्न दर्ता नगरिएको सभामुख पाठकले सुझाव दिनुभएको थियो । ऐनमा पदाधिकारीको योग्यता, कार्य अवधि लगायतका विषयहरु तोकिए बमोजिम हुने भनिएको र त्यसलाई सुधार गरेर ती विषयहरु ऐनमा नै कायम गर्न सुझाव दिइएको थियो । उक्त विषयमा सरकार सकारात्मक रहेकाले सो विषयहरू समावेश भएर आए लगत्तै विधेयक दर्ता गर्ने उहाँको तयारी भएपनि सरकारले विधेयकका प्रावधानहरु नसच्याई दर्ता गरेको हो । प्रदेशसभामा यसअघि प्रदेश खेलकुद परिषद् ऐन संशोधन विधेयक दर्ता गरेको थियो । उक्त विधेयकहरु प्रदेश सभाको आगामी अधिवेशन बैठकबाट पारित गर्नेगरी अघि बढाउने तयारी रहेको छ ।

## सीता मृत फेला

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१, स्वर्गलोकमा वेवारिसे बस्ने महिला मृत अवस्थामा फेला परेकी छन् । मृत फेला पर्नेमा मनहरी गाउँपालिका-३, हाँडीखोला घर भई हेटौंडाको बजार क्षेत्रमा कवाडीको काम गर्ने ३७ वर्षीया सीता ब्लोन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

सोमबार दिउँसो १२ बजेको समयमा ब्लोन स्वर्गलोकस्थित लिलामणि पौडेलको घर अगाडिको बरण्डामा मृत अवस्थामा फेला परेकी थिइन् । सीताका श्रीमान् पनिसँगै रहेको र घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

**•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**
**•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।**
**•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## ६ किलो गाँजासहित मनहरीबाट दुर्गाबहादुर पक्राउ




लागूऔषध गाँजासहित पक्राउ परेका मोक्तान ।

समाज संवाददाता

हेटौंडा : अवैध लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले मनहरीबाट दुर्गाबहादुर मोक्तानलाई पक्राउ गरेको छ ।

मंगलबार बिहान ६ बजेर ४५ मिनेटको समयमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मनहरी-९, मगरटोलबाट स्थानीय ५४ वर्षीय मोक्तानको साथबाट प्रहरीले ६ किलो गाँजा बरामद गरेको जनाएको छ ।

मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद अनुमति लिई हिरासतमा राखेर अनुसन्धान सुरु गरेको प्रहरीले जानकारी दिएको छ । मकवानपुर प्रहरीले हरेक दिनजसो गाँजा बरामद गर्दै आएको छ ।

## आइईई र एआइईएको रिपोर्ट नहेर्ने प्रवृत्तिले विपद् बढायो

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले विकास निर्माणका आयोजनाहरुको आइईई र एआइईएको रिपोर्ट नहेरी काम गर्ने प्रवृत्ति रहेको बताउनुभएको छ । उहाँले आइईई र एआइईएको प्रभावकारी मूल्यांकन नहुँदा विपद् जोखिम बढाइरहेको बताउनुभयो ।

सोसाइटी अफ कन्सल्टिङ अर्किटेक्चरल एण्ड इन्जिनियरिङ फम (स्केफ नेपाल) को आयोजनामा हेटौंडामा भएको पक्की पुलको ढाँचा सम्बन्धी ७ दिने तालिमको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री लामाले आयोजना निर्माणको चरणमा फर्जी डिपिआर समावेश गर्दा समस्या भएको बताउनुभयो । आयोजना निर्माणको चरणमा कागज मिलाएर डिपिआर हुने गरेको उहाँको भनाई छ । मुख्यमन्त्री लामाका अनुसार विकास निर्माणको काममा गुणस्तर कायम गर्न जरुरी रहेको छ । इन्जिनियरिङ संवेदनशील विषय रहेको र गणितीय विषयलाई स्पष्ट रुपमा नतिजामुखी बनाउने काम इन्जिनियरले गर्ने उहाँले बताउनुभयो ।

'विगतमा पूर्वाधार निर्माणको पूर्वानुमान, प्रविधि हस्तान्तरण हुन नसक्दा समस्या भइरहेको छ', मुख्यमन्त्री लामाले भन्नुभयो, 'विगतमा डिजाइन एण्ड बिल्ड मोडलमा योजना कार्यान्वयन गर्दा धेरै पुलहरु निर्माण भएको छ । आवश्यकता अनुपातमा काम गर्न नसक्दा डिजाइन एण्ड बिल्डमा काम गर्दा अहिले समस्या भएको छ । सडक पूर्वाधार निर्माणको काम पनि डिजाइन एण्ड बिल्डमा जानुपर्छ ।' विकास निर्माणको काममा निजी क्षेत्रसँगको साझेदारीमा अघि बढ्नु पर्ने उहाँले स्पष्ट पार्नुभयो । नागरिकलाई नै आयोजना संरक्षणको मोडल तयार गरी हस्तान्तरण गर्नुपर्ने मुख्यमन्त्री लामाले बताउनुभयो । विकास निर्माणको कामलाई प्रभावकारी र व्यवस्थापन गर्न नागरिकको व्यवहार सुधार गर्नुपर्ने उहाँको भनाई छ ।

## अर्थतन्त्र गतिशील नहुँदा निर्माण क्षेत्र सुस्तः प्रजिअ चिलुवाल

समाज संवाददाता

हेटौंडाः मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तीर्थराज चिलवालले अर्थतन्त्र गतिशील नभएका कारण निर्माण क्षेत्र सुस्त भएको बताउनुभएको छ । निर्माण क्षेत्र सुस्त हुँदा निर्माण व्यवसायी मारमा परेको उहाँले बताउनुभयो ।

निर्माण क्षेत्रलाई प्रवर्द्धन गर्न एवम् अर्थतन्त्रको गतिशीलता बढाउन निर्माण व्यवसायी महासंघले केही विषयलाई उठान गरेको प्रजिअ चिलवालले बताउनुभयो । निर्माण व्यवसायीले औंल्याएको समस्याप्रति जिल्ला प्रशासन कार्यालयले सहजीकरण सुरु गरेको उहाँको भनाइ छ ।

निर्माण सामग्रीको मूल्यवृद्धि सन्दर्भमा हेटौंडामा सञ्चालित २ वटा सिमेन्ट उद्योगसँग सिमेन्टको मूल्य निर्धारण प्रक्रियाको बारेमा जानकारी लिएको उहाँले बताउनुभयो । बाहिरबाट सिमेन्टको कच्चापदार्थ ढुवानी गर्नुपरेका कारण बढी खर्च हुने भएकाले मूल्यवृद्धि भएको भन्ने जानकारी प्राप्त भएको प्रजिअ चिलुवालले बताउनुभयो । मूल्यलाई स्थिरिता दिने सन्दर्भमा सिमेन्ट उत्पादक संघ र डन्डी उत्पादक संघका पदाधिकारीहरुसँग बसरे निर्माण व्यवसायीले छलफल गरिसकेको उहाँले जानकारी दिनुभयो ।

सरकारले अर्बौं रुपैयाँ भुक्तानी नदिएको भन्दै निर्माण व्यवसायी महासंघले चरणबद्ध आन्दोलन घोषणा गर्दै देशभर जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । निर्माण व्यवसायीले ज्ञापनपत्रमा उजागर गरेको नीतिगत विषयको सन्दर्भमा प्रधानमन्त्री केपी शर्मा ओलीसम्म गुनासोलाई पुऱ्याउने प्रयास गरिने उहाँले बताउनुभयो । निर्माण व्यवसायीले उजागर गरेको खरिद नियमावलीसम्बन्धी समस्याका विषयमा सरकारले छलफल गरेर निकास निकाल्ने विश्वास प्रजिअ चिलुवालले व्यक्त गर्नुभयो । जिल्ला दररेटका विषयमा बढी मूल्य रहेको पुष्टि भएमा कानुनबमोजिम त्यसलाई कसरी समायोजन गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिने उहाँले बताउनुभयो ।

निर्माण व्यवसायीको सन्दर्भमा अर्थतन्त्रमा असाध्यै संकुचन रहेको आफूले मूल्यांकन गरेको उहाँको भनाइ छ । पछिल्लो समय निर्माण व्यवसायको क्षेत्रमा हुनुपर्ने वृद्धि असाध्यै कमजोर रहेको उहाँले औंल्याउनुभयो । सरकारले पुँजीगत खर्च गर्न नसकेर निर्माण क्षेत्र अगाडि बढ्न नसकेमा निर्माण सामग्री उत्पादक तथा बिक्रेताबाट प्राप्त हुने राजस्व कमी भई समग्र अर्थतन्त्रमा संकुचन आउन सक्नेमा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

आइतबार निर्माण व्यवसायी मकवानपुरले प्रजिअ चिलुवालमार्फत् १४ बुँदे मागसहित ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्रमा सिमेन्टलगायतका निर्माण सामग्रीमा भएको मूल्यवृद्धि एवम् कालोबजारी, सार्वजनिक खरिद नियमावली तेह्रौं संशोधनबाट सिर्जित म्याद थपको समस्या, राष्ट्र बैंकले ऋणलगायतमा दिएको सुविधा कटौतीबाट निर्माण उद्योगमा परेको असरबारे उल्लेख गरिएको छ । विभिन्न कारणले रुग्ण रहेका ठेक्काहरु सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने माग ज्ञापनपत्रमा छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा (३) को खण्ड (ख) र उपदफा (८) बाट हुने कारवाही खारेज, निर्माण उद्योगको समस्या समाधानका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली तत्काल खारेज गरी पुनर्लेखन गर्नुपर्ने, निर्माण सामग्री, लो-बिडिङ निरुत्साहित गर्नेलगायत माग गरिएको छ ।



# हामी विद्यार्थी



✍कृष्ण साह

कर्मशील बनी आफ्नो काम पूरा गर्छौं हामीहरु
सफलताको सिढी चढी आफ्नो लक्ष्यसम्म पुग्छौ नै हामीहरु

स्वाभिमानी मन लिई हिंड्ने हामी विद्यार्थी
एक दिन सबैलाई खुसी बनाई लक्ष्यसम्म पुग्ने हामी

विद्यार्थीको जीवनमा साथ दिने आमा र बुबा
समयको सदुपयोग गर्न सिकाउनु हुने हाम्रे आमा र बुबा

सानैदेखि लक्ष्य लिई हिंड्ने हामी विद्यार्थी
आमाबुबालाई खुसी बनाउने हामी विद्यार्थी

स्वाभिमानी, लगनशील बन्ने हामी विद्यार्थी
देश सेवा, देश सिंगार्न हिंड्ने हामी विद्यार्थी

सानैदेखि स्वाभिमानी लगनशील हुने हामी विद्यार्थी
आफ्नो सीप सबैतिर फैलाउने हामी नै हौ विद्यार्थी

अप्ठ्यारा चुनौति आउँछ नै विद्यार्थी जीवनमा
अप्ठ्यारा चुनौति पार गरी लक्ष्यसम्म पुग्नु नै छ आफ्नो जीवनमा

इमान, धर्म, जातिको भेदभाव लिई हिंड्ने हामी विद्यार्थी
एक-आपसमा मेलमिलाप राखी मिलिजुली बस्ने हामी विद्यार्थी

विद्यार्थीलाई दुःख हुन्छ सही समयको सदुपयोग नगरेमा
विद्यार्थीलाई सुख हुन्छ सही समयको सदुपयोग गरेमा

सानैदेखि स्वाभिमानी, लगनशील हुने हामी विद्यार्थी
सम्मान र वीरताको कुरा सुनी बस्ने हामी विद्यार्थी

विद्यार्थी जीवनमा आमाबुबाले
ठूलो भई लक्ष्यसम्म पुगी फेरी

*कक्षा-८, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४*

# भविष्यहिन बालबालिका



✍नितिका ढकाल

बाबाआमा भएका बालकको हुन्छ माग पूरा
अभिभावक गुमाएका बालकको हुन्छ सपना अधुरा ।

आमाबाबाको माया पाउन भौतारिँदै हिंड्छन्
भोकभोकै बाटोमा सुत्छन् मार्गदै हिंड्छन् ।

जसरी नेताहरुको भाषण बोलीमा नै सीमित
संविधानमा जारी बालअधिकार पानामा सीमित ।

ठूला गफ सबैले ठूला स्तरले लगाउने गर्छन्
यस्ता बालबालिकाको बारे सोँच्नु परे पछि पर्छन् ।

कस्तो कलियुग दया-माया छैन कसैमा
कति बाँच्न नसकेर आत्महत्या गर्छन् बेहोसमा ।

होटलमा भाडा माझ्छन् पढ्न पाएका छैनन्
आफ्नो ज्यान पाल्न बाटो देखाउने छैनन् ।

*कक्षा-९, रेडरोज इंग्लिस बोर्डिङ स्कुल, हेटौंडा-१६*

# भानुभक्त आचार्य



✍अश्रीहा आचार्य

नाम उनको भानुभक्त
बने देशको ठूलो भक्त
बनी नेपाली भाषाको पहिलो कवि
चिनिए विश्वमा छरेर छवि ।

सदाका लागि उनी अमर भए
उत्कृष्ट कृति छाडेर गए
घाँसीबाट उपदेश लिए
मिठा कविता सबैलाई सुनाए ।

भोगी कस्ट जगतमा
हिंडे सबका माझमा
गरेनन् भेदभाव कोही माझ
छाडी गए एक साँझ ।

रामायण उनको कृति
नेपालीले लाए प्रिती
हामी माझ अमर छन्
सबैले उनलाई सम्झन्छन् ।

*कक्षा-६, जीएस निकेतन, हेटौंडा-५*

# समाज



✍योग्यता धामी

परम्परा र संस्कृतिले भरिएको यो समाज
अपाङ्गलाई माया गरिबलाई छायाँ दिन्छ

यहाँ समाजमा छ धेरै ठूलो फरक भएको
सबैले दिन्छन् साथ यहाँ बेला र आपतको

को छ र धनी को छ र गरिब
गर्दैन भेद्भाव सहयोग गर्छ सबैलाई

यहाँ नहेरी आफ्नो लाभ
समाजका नीति, नियम र चालचलन छन्

यहाँ धेरै राष्ट्रिय पहिचान, जातीय पहिचान
पहिचान नै छन् यहाँ धेरै जात र धर्म विभिन्न

यहाँ बस्छन् मिलेर दुःख र सुख
जे भए पनि रमाउँछन् मिलेर ।

*कक्षा-१०, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# त्यो अविस्मरणीय पल



✍रोशनी साह

पढ्न जान मन नलागे पनि हामी स्कुल जान्थ्यौं
केही बहाना गरी कक्षामा सुत्थ्यौं ।
विहानी सभा जान मन नलागे कता-कता लुक्थ्यौं
कोही शौचालय त कोही कक्षामा पेट दुख्यो भनी बस्थ्यौं ।


पढाउँदा खेरी खाएको जस्तो आवाज आयो
फर्के हेर्दा त साथीले पो आवाज आयो ।
गाली खानु त एउटा लक्ष्य नै भैसक्यो
प्रिन्सिपल सरको लट्ठी हेर्दा त आवाज नै सुक्यो ।

पंखा खोल, पंखा बन्द गर भनेर झगडा हुन्छ
दुई तीन वटा कपीले व्याग भर्छ ।
मिसहरु उपस्थित नहुँदा धेरै खुसी लाग्थ्यो
स्वर्गमा पुगे जस्तो अनुभूति हुन्थ्यो ।

त्यो सुनौलो जीवन बित्दै थियो
साथीको साथ छुट्दै थियो ।
मिसले पढाउँदा राम्रो लाग्दैन थियो त्यो पल
अहिले पो लाग्छ की पढेको भए पाउथ्यो राम्रो फल ।

*कक्षा-७, सिद्धार्थ शिशु सदन, हेटौंडा-५*

# बाबा



✍सिद्धार्थ फुयाल

तपाइको हातको स्पर्श
मेरो जीवनको पहिलो साथ,
हजुरको त्याग
मेरो श्वासको पहिलो साहस ।

आफू जलेर मेरो जीवनमा
उज्यालो छर्ने
आफू गलेर माटो झैं
मलाई निर्माण गर्ने,
हजुर जलेको त्यो अग्नि
जुन मेरो सपनामा बल्छ ।
हजुरको पसिनाहरु,
जो मेरो रक्तधारामा बग्छ ।
जीवन उषाकालको सुनौलो बिहानीबाट
बुझाउँछै विस्तारै आफ्ना जिम्मेवारीहरु
यो अवस्थामा ल्याइपुऱ्याउनु भो
कयौं ठाउँमा भाँचिएर मलाई जोड्दै जानुभो ।

आफ्ना कयौं इच्छा मारेर
मलाई मान्दै जानुभो ।
कयौं पटक आत्तिएर
मलाई खोज्दै जानुभो
तर म हराएको थिइन बाबा...।

बाबु, तिमी कडा हुनु, अशिष्ट होइन
नम्र बन्नु, कातर होइन ।
इमान्दार बन्नु, अज्ञानी होइन भन्दै
ताते ताते गर्दै हिंड्न सिकाएको
मैले कहाँ भुलेको छु र...।

बाबा,
मैले सुनेको भगवान हुन्छन् रे ?
भगवानले सबैको इच्छा पूरा गर्छन् रे ।
अनि मेरो सम्पूर्ण इच्छा पूरा गर्ने हजुर ।
भूमिमा टेकाउने हजुर,
गगनमा उडाउने हजुर,
वायु सरह वरिपरि रहने हजुर,
आत्मबल बढाउने हजुर...
अनि म भगवान कसलाई मानौं,
हजुरलाई कि, ढुङ्गाको मूर्तिलाई ?

बाबा तपाई,
तपाई मेरो शब्दमा हुनुहुन्छ, मेरो मौनतामा
मेरो चेतनामा तपाई
जीवनभरि तपाईलाई
बुझ्ने प्रयास गरें
तर तपाई, बुझी नसक्नु विशाल रहनुभो ।
आकाश जस्तै ।

*कक्षा-११, भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा-४*

# चित्रकला






सुष्मा माया मुक्तान
कक्षा-५, निर्मल मावि, हेटौंडा-१९





निशा ठाकुर
कक्षा-३, निर्मल माध्यमिक विद्यालय, हेटौंडा-११






सिद्रन लामा
कक्षा-५, रेडरोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६

# राष्ट्रीयता




**सरोजप्रसाद साह**

हाम्रो देश, हाम्रो शान, पाखुराले बच्न ।
आऊ यहाँ, रङ्ग भर, टाकुराले भन्छ ॥
अँध्यारोको बखत छ, श्रम गर्नै पर्छ ।
परिश्रमको, ताकतले, उज्यालो फर्कन्छ ॥



हिमालभरी हिरै-हिरा, आँखा खोली हेर ।
तराईभरी सुनै-सुन, यता फर्की हेर ॥
पहाडभरी खजाना छ, निकालेर हेर ।
आऊ अब, दृष्य फेर, टप्प टिपेर ॥



स्वाभिमानी, सन्तती छौ, चाकरीलाई छोड ।
एक-एक, ईट्टा थपी, राष्ट्रलाई जोड ॥
त-तिमी, बन्द गर, सम्बन्धलाई जोड ।
समृद्धिको, नयाँ बाटो, नेपालतिर मोड ॥
अग्निकुण्ड, तापमा, देशलाई नझोक ।



उत्तर-दक्षिण, हात फैलाई, माग्न अब छोड ॥
कुरितिको, कुलहर, तुरन्त नै रोक ।
राष्ट्रभाव, छातिभित्र, राष्ट्र-भाषा बोल ॥
स्वर्णले, रङ्ग देश, वीरताको चालमा ।
रुद्ररुप, धारण गर, देश निर्माणमा ॥

विज्ञानको नेतृत्व गर, विश्व संसारमा ।
शिखर शिखर, ढाकी देऊ, उन्नती श्रृंगारमा ॥

# नारी



**प्रसिद्धि भट्टराई**

एउटी नारी हिँडेपछि बाटोभरि डर ।
आउने पो हो कि हैन तिनी फेरि घर ॥

विद्यालयमा पढ्छिन् तिनी साथीसँग खेली ।
विद्यालयबाट फर्की आउँदा बलात्कृत चेली ॥

सामाजिक सञ्जालमा हेर्न थाल्यो लाग्छ, देश धिक्कार ।
नौ वर्षकी विद्यालयमा पढ्ने बालिका भइन अरे बलात्कृत ॥

नारी मेरी आमा हुन् भन्दै कुरा गर्छौ यस्तो ।
नारीलाई नै हेर्न तिम्रो ती आँखा कुदृष्टि कस्तो ॥

आफ्नी छोरीको साइनो लगाई नजिकै बस्न आउँछन् ।
तिर्खाएका झैँ मौका छोप्छन् जहाँ जसो पाउँछन् ॥

नारी पनि मूर्ख बनिन् सामाजिक सञ्जालको भरमा ।
राक्षसलाई पनि भेट्न जान्छिन् केही थाहा नदिई घरमा ॥

भित्ता पिटी रुन थाल्छन् आमाबुबा पनि ।
जब छोरी घरमा आउँछिन् रक्तामे बनी ॥

सामाजिक सञ्जाल र अखबारमा कति ठूला कुरा ।
बलात्कारपछि हत्या गर्छन् ती पापीले पेटमा रोपी छुरा ॥

फेसबुकमा त सबैले भन्छौ फाँसी दिन ।
पापी राक्षसहरू खुलेआम छन् फाँसी दिन नसकेको किन ॥

फेसबुक र सामाजिक सञ्जालमा नखोकी देऊ साथी ।
सक्छौ भने सबै मिली आवाज उठाऔं महिला हिंसा माथि ॥

थोरै थोरै तिम्रो आवाज थोरै थोरै मेरो आवाज ।
सबै मिली बनेको आवाजले तेडिने छ, हिंसाको जरो ॥

*कक्षा-९, चन्द्रोदय मावि, हेटौंडा-८*

# विद्यार्थी परिचय




**अर्पणा सुवेदी**

अर्पणा हेटौँडा-२ स्थित ज्ञानोदय बालबाटिका एकेडेमीमा कक्षा १० मा पढ्ने विद्यार्थी हुनुहुन्छ । अर्पणाको घर विद्यालयबाट नजिक रहेको छ। अर्पणाको घरमा आमा, बाबा, दाइ र हजुरबुबा हुनुहुन्छ । अर्पणाको दाइले अर्पणा पढ्ने विद्यालयमै पढाउनु हुन्छ ।

अर्पणा आफ्नो दाइसँग मिल्ने गरेको बताउनुहुन्छ र नबुझेको कुरा दाइलाई सोध्ने गरेको पनि बताउनुहुन्छ। अर्पणालाई खाली समयमा गीत सुन्न मन पर्छ । मनोरञ्जनका लागि गीत सुन्ने, स्क्र्याबल खेल्ने, चेस खेल्ने र किताबहरु पढ्ने गरेको बताउनुहुन्छ । खेलकुदमा अर्पणा व्याट्मिन्टन खेल्न मन पराउनु हुन्छ। अर्पणा अहिले एसईईको तयारीमा हुनुहुन्छ ।

विद्यालयमा पनि परीक्षाको तयारी गराउने गरेको बताउनुहुन्छ । परीक्षाको अभ्यास होस् भनी टेस्ट हुने गरेको बताउनुहुन्छ। अर्पणालाई भविष्यमा जेटियो अफिसर बन्न रुचि रहेको छ । अर्पणा नेपाल बस्ने र देशका लागि धेरै काम गर्ने बताउनुहुन्छ। सबै साथीलाई नेपालमा नै बस्नु पर्छ भनेर भन्ने गरेको पनि बताउनुहुन्छ ।

# कुखुरीको दौड




**(भाइबहिनीका किताब)**

भाइबहिनीहरु, तपाईंले विभिन्न प्रतियोगितामा मानिसहरु दौडेको देख्नुभएको छ नि, होइन ? विद्यालयमा हुने प्रतियोगिताहरुमा तपाईं आफैँले पनि दौडमा भाग लिनुभएको छ होला । अरु के-केको दौड प्रतियोगिता देख्नुभएको छ ? अरु जे-जे देख्नुभए पनि कुखुरीको दौड त पक्कै देख्नुभएको छैन ।

यो किताबको चाहिँ शीर्षक नै ‘कुखुरीको दौड’ छ । यत्ति भएपछि पक्कै किताबमा कुखुरीकै दौडको कुरा छ। हुन्छ के भने किताबको अन्त्यमा कुखुरीले घोडाहरुसँग दौड प्रतियोगितामा भाग लिन्छिन्। तर किताबको सुरुवात नै कस्तो रमाइलो छ । घोडीले अण्डा पार्छे । अण्डाबाट चल्ला निस्कन्छ। चल्ला ठूलो भएर कुखुरी बन्छे कुखुरीले घोडादौड प्रतियोगितामा भाग लिन्छे । अनि दौड जित्ने चाहिँ को होला है ?

रानी नाम गरेकी कुखुरीलाई दौडमा सामेल गराउन अनु नामकी सानी केटीले खुब मिहिनेत गर्नुपर्छ। यत्तिले मात्र नपुगेर रानीलाई दौडमा सघाउन तुफानले पनि धेरै सहयोग गरेको हुन्छ। अनि यो तुफान चाहिँ फेरि को होला ? घोडाको दौडमा कुखुरीले भाग लिन पाउने नियम कुन किताबमा होला ? सबै थाहा पाउन त किताब नै पढ्नुपर्छ नि ।

यो रमाइलो किताबका लेखक स्यालि अल्सुलर हुनुहुन्छ। नेपाली भाषामा चाहिँ अनुराधाले भाइबहिनीका लागि अनुवाद गरिदिनुभएको हो। कथा रमाइलो भएपछि त्यसभित्र चित्र पनि उस्तै रमाइलो हुनुपर्‍यो। त्यसका लागि चित्रकार प्रकाश रञ्जितले खुब मिहिनेत गर्नुभएको छ । कोपिला किताबले प्रकाशन गरेको यो किताबको मूल्य पाँच सय रुपैयाँ रहेको छ। हेटौँडाका भाइबहिनीहरुका लागि भैरबरोडमा रहेको किताबघरमा यो किताब उपलब्ध छ ।

**के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?**

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**
**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**
**हेटौंडा-४, मकवानपुर**

# समयको महत्व



**स्वस्तिका हुमागाई**

कुनै पनि अवसर वा बेलालाई समय भनिन्छ। समय भनेको बेला, काल र क्षण पनि हो । समयलाई देख्न र छुन सकिँदैन । अनुभव मात्र गर्न सकिन्छ। समयको सुरु र अन्त्यको बारेमा भन्न सकिन्न ।

समय लगभग तीन भागमा विभाजन गरिएको छ। ती विगत, वर्तमान र भविष्य हुन्। विगत पहिलेनै बितिसकेको हुन्छ। यसलाई प्राप्त गर्न सकिँदँन । वर्तमान मानिसको समय हो । यसलाई चाहेअनुसार प्रयोग गर्न सकिन्छ। मानिसको जीवनचक्र पनि समय जस्तै छ। नदिको पानी जस्तै बगिरहेको छ। हावा जस्तै बहन्छ। समयको साथ सँगै बग्छ। आजको बालक समय बित्दै जाँदा युवा, वयस्क, वृद्ध बन्दै जान्छ र एकदिन मृत्युको मुखमा पुग्छ ।

न त बयस्कले आफ्नो बाल्यकाल प्राप्त गर्न सक्छ न त वृद्ध मानिसले आफ्नो बाल्यावस्था फिर्ता ल्याउन सक्छ । मानिसले समयलाई सुविधाका लागि मिनेट, सेकेन्ड, घण्टा, दिन, हप्ता, महिना र वर्ष भनेर वर्गीकरण गरिएको छ। समय निरन्तर रुपमा चलिरहन्छ । समयको महत्व नबुझेर मानिस पछाडी पर्ने हुनाले मानिसलाई समयको धेरै महत्व छ ।

समयको महत्व बुझेर अघि बढ्ने मानिस जुनसुकै क्षेत्रमा पनि सफल हुन्छ। तर समयको महत्व नबुझ्ने मानिसले सफलता प्राप्त गर्न सक्दैन । आजको विद्यार्थी समयको ठिक पालनाबाट नै भविष्यमा डाक्टर, शिक्षक, इन्जिनियर, पाइलट बन्न सक्छ। यसकारण हामीले हाम्रो काम समयमै गर्नुपर्छ । भनिन्छ बगेको खोला फर्किँदैन समयले पर्खिँदैन। हामीले जुन काम जुन समयमा आफ्नो अगाडि आउँछ त्यसलाई ठिक समयमा पूरा गरिहाल्नुपर्छ। समयको महत्व बुझेर अघि बढेमा हामीले जीवनमा सफलताको शिखरमा पुग्न सक्छौं ।

*कक्षा-४, कमला आधारभूत विद्यालय, हेटौँडा-१८*

# सुनगाभा



**रितिका खतिवडा**

कठोर भिर पहराहरू कसरी समायौ
सङ्कट त्यस्तो छातीमा राखी कसरी रमायौ
पोषण के के बनाइखायौ कसरी बाँचेकी
सङ्घर्षपूर्ण कठोर जुनी कसरी साँचेकी ।

चिन्ता र पिर देखिन्न कतै नियाल्दा तिमीलाई
तपस्वी शीर शुद्ध र शान्त देखिन्छ तिमीलाई
सङ्घर्ष गर्न सङ्कट बुझ्न सिकायौ तिमीले
त्यसबाट धेरै सिक्नु नै पर्ने रै’छ नि हामीले ।

पवित्र बन्यौ कञ्चन फूल मान्छेका खातिर
नेपाली फूल सबैका शान बन्यौ नि आखिर
मुस्काइदिन्छौ सङ्कट बिच प्रेरणा अरूलाई
सङ्घर्षतिर सक्ला कि तान्न यी अल्छीहरूलाई ।

फोहोर सङ्गत धुलो र मैलोले भरेकी
बाँच्न र हास्न आफैँले पूर्ण सङ्घर्ष गरेकी
देखेर सबै इच्छुक होउन् पवित्र बन्नलाई
नआओस् लज्जा फूल यो सुनगाभा भन्नलाई ।

*चन्द्रोदय मा. वि*

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/१०/०९*

प्रस्तुत बिषयमा बैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले इन्द्रसरोवर गाउँपालिकामा सुरक्षित आप्रवासन कार्यक्रम संचालन हुन लागिरहेको हुदाँ यस कार्यक्रम अन्तर्गत सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने बैदेशिक रोजगारीसँग सम्बन्धित मुद्धामा सहयोग तथा सहजीकरण गर्न मनोसामाजिक परामर्श सेवा सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सचेतीकरण कार्यक्रम संचालनका गर्नका लागि निम्न जनशक्तिको आवश्यकता परेको हुनाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट उल्लेखित पदका लागी सुचना प्रकाशन मिति देखी १५ (पन्ध्र) दिनसम्ममा यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नका लागी यो सुचना प्रकाशित गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०८१/०८२-०६ | मनोसामाजिक परामर्शकर्ता | सहायक स्तर पाचौं | १ | रु. ५००/- |

**१) आवश्यक न्यूनतम शैक्षिक योग्यता**
- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र लिएकोलाई बिशेष प्राथमिकता दिईने छ ।
- कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने

२) दरखास्त दिने स्थान वा विधि : इन्द्रसरोवर गाउँपालिकाको कार्यालय, कुलेखानी, मकवानपुर वा Online मार्फत आवेदन दिन चाहनेहरुका लागि https://forms.gle/t@qrrmUuzin6FuK49 लिङ्कको फारम भरि आवेदन दिन सकिनेछ।

३) सम्पर्क मिति : म्याद समाप्त भएको भोलिपल्ट ।

४) अन्तरवार्ता मिति : सम्पर्क मितिका दिन तोकिनेछ ।

५) दरखास्त दिने अन्तिम मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र)दिन भित्र (माथि उल्लिखित अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।)

६) छनौटको किसिम : लिखित तथा अन्तरवार्ता ।

७) सेवा सुविधा : कार्यक्रमको नियामानुसार ।

८) दाबी नपुग्ने : करारमा काम गरेको आधारमा पछि कुनैपनि किसिमको पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन ।

९) प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

१०) उमेर : २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

११) आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :
- नागरिकता
- न्यूनतम योग्यताको लव्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

१२) दरखास्त दस्तुर जम्मा गर्ने बैंक र खाता नं. : ग्लोबल आईएमई बैंक लि. मा इन्द्रसरोवर गाउँपालिकाको “ग-१-१ आन्तरिक राजस्व खाता नं. ३५६०४०१०००००८”

**नोट**: आवेदनको ढाँचा लगायत अन्य जानकारी इन्द्रसरोवर गाउँपालिकाको कार्यालय तथा गाउँपालिकाको वेवसाईट www.indrasarowarmun.gov.np बाट हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# हेटौँडा-१२ मा वडाध्यक्ष कप भलिबल हुँदै, विजेताले ५० हजार पाउने



*प्रतियोगिताबारे जानकारी दिनुहुँदै संयोजक मनोज लामा ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१२ मा वडाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । वडा खेलकुद विकास समितिको आयोजनामा माघ १६ गतेदेखि १९ गतेसम्म उपमहानगरस्तरीय भलिबल प्रतियोगिता हुन लागेको हो । मंगलबार पत्रकार सम्मेलन गरेर प्रतियोगिताबारे जानकारी गराएको छ ।

प्रतियोगिताका संयोजक मनोज लामाले हात्तीगौडास्थित बुद्ध माध्यमिक विद्यालयको भलिबल कोर्टमा खेल हुने जानकारी दिनुभयो । प्रतियोगिता आयोजनाका लागि वडा कार्यालयले एक लाख २५ हजार रुपैयाँको बजेट विनियोजन गरेको छ । प्रतियोगितामा १३ वटा भन्दा बढी टिमहरुको सहभागिता रहने अनुमान गरिएको संयोजक लामाले बताउनुभयो । हेटौँडा उपमहानगरपालिकाका १९ वटै वडालाई समेट्ने गरी प्रतियोगिताको आयोजना गर्न लागिएको संयोजक लामाले बताउनुभयो । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ३ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रथम पुरस्कार राशी हेटौँडा-१० स्थित नारायणी कलेजले प्रायोजन गर्ने भएको छ । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ट्रफी र नगद पुरस्कारको व्यवस्था गरिएको छ । पत्रकार सम्मेलनमा नारायणी कलेजका प्राचार्य रघुनाथ खराल, १२ नम्बर वडा खेलकुद विकास समितिका अध्यक्ष दिनेश चौलागाईंको पनि आतिथ्य रहेको थियो ।

# त्रिभुवन माध्यमिक विद्यालयको प्रधानाध्यापकमा बर्तौला

समाज संवाददाता

हेटौँडा : हेटौँडा-११, नवलपुरस्थित त्रिभुवन माध्यमिक विद्यालयको प्रधानाध्यापकमा रामकुमार बर्तौला नियुक्त हुनु भएको छ । मंगलबारदेखि बर्तौलाले प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नुभएको छ । यसअघिका प्रधानाध्यापक हस्तलाल श्रेष्ठले राजिनामा दिनुभएपछि विद्यालय व्यवस्थापन समितिले बर्तौलालाई प्रधानाध्यापकको जिम्मेवारी दिने निर्णय गरेको हो ।

आफ्नो कार्यकालमा सोचे जति काम करिब पूरा भएको श्रेष्ठले बताउनुभयो । विद्यालयमा भएको दुई वटा बस मध्ये एउटा बस बिग्रिएको र बिग्रिएको बस मर्मत गर्न सके थप विद्यार्थीलाई सेवा दिन सकिने उहाँको भनाइ छ । विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आफूले सक्दो काम गर्ने नवनियुक्त प्रधानाध्यापक बर्तौलाको भनाइ छ । प्रधानाध्यापक बर्तौलाले विद्यार्थीलाई अनुशासित बनाउन काम गर्ने बताउनुभएको छ । विद्यार्थीलाई अनुशासित राख्न प्रत्येक कक्षामा मनिटर तोक्ने उहाँले बताउनुभयो । एसईई नजिकिँदै गर्दा कक्षा १० मा अध्ययनरत ६१ जना विद्यार्थीमध्ये केही विद्यार्थी अतिरिक्त कक्षामा सहभागी नभएको विषयमा अभिभावकसँग छलफल गर्ने प्रधानाध्यापक बर्तौलाले बताउनुभयो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ५ सय ५८ जना विद्यार्थी अध्ययनरत छन् ।

अहिले इसीडी कक्षा मात्रै सञ्चालन भइरहेको त्रिभुवन माविमा नर्सरी र केजी कक्षाको रुपमा व्यवस्थापत गर्ने योजना रहेको बर्तौला बताउनुहुन्छ । वडा कार्यालयसँगको समन्वयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्दै विद्यार्थीको सिकाई प्रभावकारिता तथा सिकाई उपलब्धी बढाउन अतिरिक्त कक्षा र उपचारात्मक कक्षा सञ्चालन गर्ने उहाँको भनाइ छ ।

राजमार्गसँगैको विद्यालय भएकोले विद्यार्थीको सुरक्षा, बसमार्फत सेवा लिने विद्यार्थीलाई सुरक्षित ल्याउने लैजाने व्यवस्था मिलाउने र अनुशासन कायम राख्ने विषय आफ्ना लागि चुनौतिपूर्ण भएको उल्लेख गर्नुहुँदै नवनियुक्त प्रधानाध्यापकले भन्नुभयो, “शिक्षकहरु राम्रो गरौं भन्ने हुनुहुन्छ । शिक्षकको सामूहिक प्रयास सुनिश्चित गर्न सक्दा, व्यवस्थापन समितिलाई क्रियाशील गराउँदै वडाको सहयोग रहँदा विद्यालयको वातावरण र शैक्षिक अवस्थामा सुधार गर्न सक्छु भन्ने लागेको छ ।”

२०७३ सालमा शिक्षक सेवा आयोगको परीक्षामा सामाजिक शिक्षा विषयको मावि तहमा साविक मध्यमाञ्चल विकास क्षेत्रमै १ नम्बरमा नाम निकाल्न सफल बर्तौलाले बारा जिल्लाको कलैया उपमहानगरपालिकाको बरेवास्थित दुर्गा माध्यमिक विद्यालयमा १५ महिना शिक्षण गर्नुभयो । २०७५ सालमा मकवानपुरको कैलाश गाउँपालिका-९ स्थित कालिका माविमा सरुवा भएर आउनुभएका बर्तौला २०७८ साल जेठ महिनादेखि त्रिभुवन माध्यमिक विद्यालयमा अध्यापनरत हुनुहुन्छ ।

कैलाश गाउँपालिका-९, नामटार स्थित कालिका माविबाट एसएलसी उत्तीर्ण गर्नुभएका बर्तौलाले दश जोड दुई तहको शिक्षा हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टबाट पूरा गर्नुभयो । शिक्षा शास्त्र संकायमा मूल विषय जनसंख्या लिई मकवानपुर बहुमुखी क्याम्पसबाट स्नातक तह उत्तीर्ण गर्नुभएका बर्तौलाले पर्सा जिल्लाको बीरगन्ज महानगर पालिकास्थित ठाकुरराम बहुमुखी क्याम्पसबाट स्नात्तकोत्तर तह उत्तीर्ण गर्नुभएको छ ।

# निर्माण व्यवसायी संघद्वारा व्यवसायी र पत्रकारलाई सम्मान



*मकवानपुर उद्योग वाणिज्य संघको सल्लाहकार मनोनित नरेन्द्र भण्डारीलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : निर्माण व्यवसायी संघ मकवानपुरले व्यवसायी र पत्रकारलाई सम्मान गरेको छ । मंसिर अन्तिम साता सम्पन्न नेपाल पत्रकार महासंघको निर्वाचनमा बागमती प्रदेश र मकवानपुर जिल्ला समितिमा निर्वाचित पदाधिकारी तथा सदस्य र पुस अन्तिम साता सम्पन्न मकवानपुर उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यलाई मंगलबार एक कार्यक्रमका बीच निर्माण व्यवसायी संघले सम्मान गरेको हो ।

निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा मकवानपुर उद्योग बाणिज्य संघका नवनिर्वाचित अध्यक्ष प्रमोदसिंह रानाभाट, नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगर, मकवानपुर जिल्ला शाखा अध्यक्ष बालकृष्ण अधिकारीसहित पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा मकवानपुर उद्योग बाणिज्य संघका नवनिर्वाचित अध्यक्ष प्रमोद सिंह रानाभाटले राज्यले भुक्तानी नदिँदा निर्माण व्यवसायी मात्रै मारमा परेको अवस्था नभई राज्यको भौतिक पूर्वाधार निर्माणको काम पनि प्रभावित भइरहेको बताउनुभयो । भुक्तानीको विषयलाई लिएर निर्माण व्यवसायीले सडक आन्दोलन गर्ने चेतावनी दिनुपर्ने परिस्थिति आउनुमा राज्यको लापरबाही भएको उहाँको भनाइ थियो । निर्माण व्यवसायी संघको जायज मुद्दामा मकवानपुर उद्योग वाणिज्य संघ सधैं साथमै रहने अध्यक्ष रानाभाटले प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाका अध्यक्ष बालकृष्ण अधिकारीले निर्माण क्षेत्रमा भएका बिकृति, बेथिति र निर्माण सामग्रीको मूल्यवृद्धि लगायतका विषयमा पत्रकारहरुले निरन्तर कलम चलाएको र भावी दिनमा पनि यस क्षेत्रमा रहेर निश्पक्ष कलमा चलाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# शुक्रबार वडा नम्बर १ बालमैत्री घोषणा हुने

समाज संवाददाता

हेटौँडाः माघ ११ गते शुक्रबार हेटौँडा उपमहानगरपालिकाको १ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । मंगलबार पत्रकार सम्मेलनमार्फत् वडाका वडाध्यक्ष सविन न्यौपानले “बालबालिकामा लगानी; सुनिश्चित भविष्यको थालनी” भन्ने मूल नाराका साथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको जानकारी दिनुभयो । नकौली आधारभूत स्वास्थ्य केन्द्र, बाँझोडाँडाको परिसरमा निकृष्ट बालश्रम मुक्त, बालविवाह मुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्यक्रम हुने उहाँले बताउनुभयो ।

१ नम्बर वडा पूर्ण खोपयुक्त वडा घोषणा, पूर्ण साक्षर वडा घोषणा, खुल्ला दिसामुक्त वडा घोषणा भइसकेको छ । बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा गरेसँगै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागेको वडाअध्यक्ष न्यौपानेले जानकारी दिनुभयो । बाल बचाऊ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता साथै यसका लागि संस्थागत विकासमा समेत गरेर ५१ वटा सूचक पूरा गरेको उहाँले बताउनुभयो । ५१ वटा सूचकहरुमध्ये ४७ वटा सूचकमा १०० प्रतिशत १ वटा सूचकमा ९६ प्रतिशत र १ वटा सूचकमा ९० प्रतिशत, १ वटा सूचकमा ८५ प्रतिशत र १ वटा सूचकमा ८२ प्रतिशत सूचक हासिल गरेको वडाध्यक्ष न्यौपानले बताउनुभयो ।

घरधुरी तथ्यांक संकलन सर्वेक्षण-२०७९ अनुसार वडामा १८ वर्ष भन्दा कम उमेरका १ हजार ४५ बालक र ९ सय ६९ बालिका गरी २ हजार १४ बालबालिका छन् । वडामा ५ सामुदायिक र १ संस्थागत बाल विकास केन्द्रसहित ६ वटा विद्यालय सञ्चालनमा रहेको अध्यक्ष न्यौपानेले जानकारी दिनुभयो । १८ वटा बालसमूहहरु र १ बाल सञ्जाल छन् । जसमा ३ सय ६३ जना बालबालिका आवद्ध छन् भने विभिन्न संरचनागत समितिहरुमा समेत गरेर ४ सय ४ जना बालबालिका प्रत्यक्ष सहभागिता रहेको उहाँको भनाई छ । वडामा बालमैत्री स्थानीय शासन वडा समिति, वडा बालअधिकार समिति, बालसमूह, बालसमूह सञ्जाल, टोल विकास संस्थाहरु, युवा क्लब, आमा समूह साथै विभिन्न सामुदायिक संस्थाहरु क्रियाशील छन् । २०८७ सालसम्म सबै स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्ने नेपाल सरकारको लक्ष्य रहेको छ ।

# मेगा विद्यालय सञ्चालनका लागि कार्यदल गठन

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको राजधानी हेटौँडा-४ स्थित दुई ठूला विद्यालय एकीकरण गरी मेगा विद्यालय सञ्चालनबारे अध्ययन गर्न सदस्यीय कार्यदल गठन गरिएको छ । भुटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई एकीकरण गरी मेगा विद्यालयको रुपमा सञ्चालन गर्न हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठकले कार्यदल गठन गरेको हो ।

दुबै विद्यालयको भौतिक अवस्था, शिक्षक, विद्यार्थी, कर्मचारीलगायत विवरण संकलन गरी प्रारम्भिक प्रतिवेदन बुझाउने गरी हेटौँडा-४ का वडा अध्यक्ष नवीन सिग्देलको संयोजकत्वमा कार्यदल गठन गरिएको छ । कार्यदलको संयोजक सिग्देल भुटनदेवी माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पनि हुनुहुन्छ ।

कार्यदलको सहसंयोजकमा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहमद समिम रहनुभएको छ । हेटौँडा उपमहानगर पालिका, शिक्षा विकास महाशाखाका हरि चन्द्र सापकोटा सदस्य सचिव रहनुभएको कार्यदलका सदस्यहरुमा भुटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधव दाहाल, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईं, हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका सदस्यद्वय जुना दाहाल र ईश्वरी रसाइली रहेको संयोजक सिग्देलले बताउनुभयो ।

कार्यदलको स्थायी आमन्त्रित सदस्यमा उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा प्रमुख भीम तिमल्सिना, विज्ञ सल्लाहकार कृष्णप्रसाद धिताल र उपमहानगरपालिकाको कानुनी शाखाका लक्ष्मण मैनाली हुनुहुन्छ । आउँदो वैशाखबाट मेगा विद्यालय सञ्चालन गर्ने गरी कार्यदलले काम गर्ने भन्दै संयोजक सिग्देलले माघ मसान्तभित्र प्रारम्भिक प्रतिवेदन तयार गरिने जानकारी दिनुभयो ।


## प्रशिक्षार्थी बजार प्रतिनिधि चाहियो

हेटौँडाबाट सञ्चालन भइरहेको अनलाइन www.samriddhasamaj.com का लागि एकजना प्रशिक्षार्थी बजार प्रतिनिधि आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकबाट मिति २०८१ माघ ११ गतेभित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पद : प्रशिक्षार्थी बजार प्रतिनिधि ।**
संख्या : १ (एक) जना ।
शैक्षिक योग्यता : व्यवस्थापन संकायमा कक्षा १२ उत्तीर्ण । स्नातक अध्ययनरतलाई प्राथमिकता ।
सेवा, सुविधा : प्रशिक्षार्थी अवधि २ महिनाको हुनेछ । सो अवधिसम्म न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ । दुई महिनाको कार्यसम्पादनका आधारमा तेस्रो महिनादेखि आपसी सहमतिमा पारिश्रमिक निर्धारण गरिनेछ ।

**बाञ्छनीय योग्यता**
- कम्प्युटरसम्बन्धी आधारभूत ज्ञानका साथै अनलाइनसम्बन्धी ज्ञान भएको ।
- बजारमा सम्बन्ध, सम्पर्क विस्तार गर्न सक्ने ।
- जनसम्पर्क स्थापित गर्न सक्ने ।
- सञ्चार सीप भएको ।

**पेश गर्नुपर्ने कागजात**
- हस्तलिखित निवेदन एक प्रति ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि एक थान ।
- अन्य योग्यताको प्रमाणपत्रको प्रतिलिपि एक थान ।
- पासपोर्ट साइजको फोटो एक थान ।

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com
हेटौँडा-४, अजरअमररोड
०५७-५२५४५६

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौँडा-१ राप्तीरोड मकवानपुर**

## हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौँडा रिफरेन्स ल्याबरोटरी**

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७